# सामुदायिक वन र राजस्वको सवाल

■ हेमन्त ओझा

आर्थिक वर्ष २०६०/६१ का लागि अध्यादेश मार्फत ल्याइएको बजेटमा श्री ५ को सरकारले सा.व. उपभोक्ता समूह (सा.व.उ.स.) ले सामुदायिक वन (सा.व.) को वन पैदावार बिक्रीबाट आर्जन गरेको रकमको ४०% श्री ५ को सरकारलाई बुझाउनु पर्ने प्रावधान ल्याएको छ । लगभग तीन दशकको सा.व. विकासको क्रममा श्री ५ को सरकारले यो निर्णय दोस्रो पटक गर्न पुगेको छ । यस अघि मिति २०५७-१-१९ को श्री ५ को सरकार मन्त्रिपरिषदबाट तराई र भित्री मधेशका सा.व.उ.स. ले आम्दानीको ४०% रकम राजश्वको रुपमा दाखिला गर्नु पर्ने निर्णय गरेको थियो । सो उपर चित्त नबुझी सा.व.उ.स. महासंघले उपभोक्ताहरुको अधिकार कटौति भएको ठानी सर्वोच्च अदालतमा दिएको मुद्दा मिति २०५९-१२-१४ मा फैसला हुँदा सम्मानित अदालतबाट सो किसिमको कर नलगाउन आदेश भएको थियो । त्यसको लगत्तै वन मन्त्रालयले सो निर्णय उपर पुनरावलोकन गरी पाऊँ भनी गरेको आवेदन पश्चात हालै सो विवाद सर्वोच्च अदालतमा विचाराधिन छ । ठिक यसै बेला अर्थात् २०६०-४-१ मा सरकारले पुनः आर्थिक अध्यादेशको रुपमा त्यस किसिमको व्यवस्थालाई अनिवार्य गराएको छ । यस लेखमा यस्तो निर्णय किन र के मान्यताबाट गरियो, अब यो निर्णयले के कस्ता सकारात्मक वा नकारात्मक असर पार्ला र यस सवाललाई आगामी दिनमा कसरी सम्बोधन गर्ने भन्ने विषयमा केही चर्चा गरिएको छ ।

यस्तो निर्णय हुनुको पछाडि सरकारी दृष्टिकोण केलाँउदा सा.व.उ.स. ले पनि अरु व्यक्तिगत सम्पति वालाले जस्तै कर तिर्नु पर्छ भन्ने एउटा दृष्टिकोण देखिन्छ । अर्को, राष्ट्रिय वनको एक हिस्सा नै सा.व. को रुपमा दिएको हुनाले सा.व.उ.स. राज्य प्रतिको दायित्वबाट पन्छिन मिल्दैन भन्ने पनि आउन सक्छ । तेस्रो तर्क के हुन सक्छ भने देशभरी सा.व.को वितरण असमान रुपमा हुने हुँदा (अझ कति क्षेत्रहरुमा सा.व. नै नहुने भएकोले) बिक्रि मूल्य अनुसार राज्यले कर उठाउँदा सा.व. नभएका वा कम हैसियतका सा.व. भएका क्षेत्रहरुमा आर्थिक न्यायोचितता ल्याउन पनि यस्तो कर लगाइनु पर्छ भन्ने पनि आउन सक्छ । सा.व. मा कर लगाउने कार्य अत्यन्त विवादास्पद बन्न पुगेको छ र यो निर्णय नेपालको सा.व.को विकासमा निकै नकारात्मक र दुरगामी प्रभाव छोड्ने छ भन्ने बारेमा अत्यन्तै बलिया आधारहरु देखिएका छन् ।

पहिलो कुरा त के भने सा.व. नेपालको एकमात्र यस्तो कार्यक्रम हो, जहाँ विकेन्द्रीकरण, जनसहभागिता र स्रोतको समुचित व्यवस्थापनको अनुपम संगम देख्न सकिन्छ । यस्तो कार्यक्रमलाई अझ बढी प्रर्वद्धन गर्नु पर्नेमा त्यति धेरै कर लगाएर उत्साही जनताको जाँगर मार्नु उचित हुँदैन । अझ त्यसमा पनि संसदद्वारा बनाइएको कानुनको आधारमा सम्मानित सर्वोच्च अदालतबाट यस्तो तवरले कर नउठाउने आदेश भै सकेको परिस्थितिमा अध्यादेश मार्फत् संसद र सर्वोच्च अदालतको निर्णयको विपरीत बिना सरसल्लाह यस्तो प्रावधान अकस्मात लादिनु प्रजातान्त्रिक संस्कारसँग मेल नखाने देखिन्छ । सा.व.उ.स. ले पनि केही कर तिर्नुपर्छ भन्ने हो भने नेपालमा सा.व. विकासको मान्यता र परम्परा अनुसार श्री ५ को सरकार, वन मन्त्रालयले सरोकारवाला प्रतिनिधिहरुसँग सुझाव लिएर समझदारीको आधारमा प्रारम्भमा न्यूनतम कर लगाउने निर्णय गरेको भए सायद वन उपभोक्ताहरु त्यस उपर राजी हुन सक्थे । यहाँनेर ४०% को मात्रालाई कर भनेर मात्र लिन सकिन्न, यो त फाइदाकै बाँडफाँटको कुराको रुपमा टड्कारो देखिंन्छ । समुदायले मेहनत गर्ने र सरकारले धेरै फाइदा लिने कुरा पनि न्यायपूर्ण देखिदैन । समुदायले सो रकम सरकारलाई दिंदा सरकारी अधिकारीहरुलाई चाहिने प्रशासनिक खर्च त चल्ला, तर त्यसको मूल्य भने स्थानीय गरिबहरुले चुकाउनु पर्छ, जसले (कतिपय समूहहरुमा) सोझै ऋण वा जीविकोपार्जनका लागि समूहको

आम्दानीबाट सहुलियत पाइराखेका छन् । यहाँनेर सा.व. पैदावारबाट बिक्रि भएको रकम सरकार वा सा.व.उ.स. मध्ये कसले परिचालन गर्दा नेपालका गरिबहरुलाई बढी फाइदा पुऱ्याउन सकिन्छ भनेर हेर्नु जरुरी छ । वन मन्त्रालय अर्न्तगत हुने भ्रष्टाचारको जुन रुपमा प्रचार-प्रसार भैरहेको छ र जुन रुपमा अझै पनि देशका विभिन्न भागमा खासगरी तराई क्षेत्रमा बसोवास गर्ने जनताहरु त्यसको शिकार भै रहेका छन्, त्यस अर्थमा हेर्ने हो भने नेपाली नागरिकहरु र सा.व. उपभोक्ताहरु वन मन्त्रालयको खातामा आफ्नो मेहनतले आर्जेको रकमको एक पैसा पनि जम्मा गर्न तयार नहुने देखिन्छ । यसरी हेर्दा साधारणतया समुदायले भन्दा सरकारी सयन्त्रले परिचालन गरे गरिबलाई बढी फाइदा पुऱ्याउँछ भन्ने विश्वास गर्न कठीन छ ।

सचेत नागरिकले आफूले कमाएको आम्दानीको केही हिस्सा करको रुपमा राज्यलाई बुझाउनु पर्ने मान्यता उपर विवाद हुनु हुँदैन । तर सा.व.उ.स. एक गैह्र नाफामूलक सामुदायिक संस्था भएको हुनाले उसको आम्दानीमा कर लगाउने कुरा प्रचलित मूल्य, मान्यता र चलनको बिरुद्ध देखिन्छ । कतिपय विकसित प्रजातान्त्रिक मुलकहरुमा नागरिकहरु आफ्नो आम्दानीबाट खुसीसाथ र इमान्दारीसाथ कर तिर्ने गरेको पाइन्छ भने नेपालमा पनि यस्तो बानी बसाउन खोजिदैछ । जुन देशमा नागरिकहरु उत्साही भएर इमान्दारीसाथ कर तिर्छन्, त्यस वापत् सरकारबाट प्रसस्त मात्रामा सुविधाहरु पनि पाउने गर्छन् । तर हाम्रा सा.व.उ.स. ले सरकारलाई ४०% कर तिरेर उनीहरुले चाहेको सेवा पाउन सक्छन् त ? विद्यमान शासन प्रणालीको दुर्गति हेर्दा सरकारी निकायबाट जनताले त्यस्तो सेवाहरु पाउने विश्वास गर्न सकिन्न । आखिर वन मन्त्रालयमा कर्मचारीहरुलाई साधन स्रोतको अभावले सेवा आपूर्तिमा समस्या परेको देखिन्न । वन प्रशासनलाई सहयोग गर्ने दातृ संस्थाहरुले देशको क्षेत्रफल ढपक्कै ढाकेका छन् र करोडौं रुपैयाँ वर्षेनी बिछ्याइ रहेका छन् । हुनत दातृ संस्थाबाट सधैं सहयोग लिने भन्दा स्वेदेशी संस्था स्वयं सक्षम हुनु पर्ने कुरा पनि अत्यन्त महत्वपूर्ण सवाल हो तापनि त्यसको लागि सरकार, नागरिक समाज र नीजि क्षेत्र सबैको भूमिकाहरु पुनरावलोकन गर्दै ती संस्थाहरुका आ-आफ्ना विशिष्ठ प्रवल एवं दुर्वल पक्षहरुको आधारमा सा.व.उ.स. हरुलाई आवश्यक सेवा दिलाउन आवश्यक स्रोत साधन उपलब्ध गराउनु पर्ने हुन्छ । त्यसको आधारमा मात्रै सरकारी भूमिकासँग मेल खाने गरी सरकारले कर लगाउनु उचित हुन्छ ।

अर्को कुरा, सरकारमा बसेर काम गर्नेलाई 'हाकीम' मान्नु पर्ने पुरातनवादी संस्कृति हावी रहेको वर्तमान परिवेशमा सरकारलाई सा.व. को आम्दानी दिएर सा.व.उ.स. ले बढी सुविधा पाउने स्थिति छैन । सरकारको भूमिका सेवा प्रदान गर्नबाट नीति नियम बनाउने र त्यसको अनुगमन गर्नमा बढी केन्द्रीत हुनु पर्ने विश्वव्यापी मान्यता विपरीत हाम्रो देशको वन क्षेत्रको व्यवस्थापनमा सरकारको अति संलग्नताको सरकारी वृतबाटै अझ चर्को वकालत हुने गरेको छ । उदाहरणको लागि, देशमा सा.व. को इन्भेन्ट्री सम्बन्धी सेवालाई नीजिकरण वा नागरिकीकरण नगर्दा आज देशभरका हजारौं सामुदायिक वनहरुको कार्ययोजना बिल्लीवाठ परेको छ । यस्तो अवस्थामा श्री ५ को सरकारको संयन्त्रलाई बोझिलो, भद्दा र महँगो बनाएर नेपाली जनतामा कर थोपर्नु भन्दा त्यसलाई छरितो बनाउँदै सेवा व्यवस्थापनमा श्री ५ को सरकारले नागरिक समाज र नीजि क्षेत्रसँग हातेमालो गर्नु राम्रो हुन्छ ।

सा.व.उ.स. लाई कर लगाउने वा वन पैदावर बिक्रीबाट फाइदा सरकारले लिने हो भने बजारमा नजाने तर सम्पूर्ण समाजले उपभोग गर्ने विविध सेवाहरु (जस्तैः जैविक विवधता संरक्षण, भू-संरक्षण आदि) को पनि मूल्याङकन हुन जरुरी छ । नेपालको पहाडी क्षेत्रमा उपभोक्ताहरुको प्रयासले जुन मात्रामा वन क्षेत्रको गुणत्मक सुधार भएको छ र त्यसको फलस्वरुपः जुन जलाधार र वातावरणीय प्रतिफल राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा देखिन्छ, त्यसको मूल्याङकन गर्ने हो भने त्यो मात्रालाई समूहले तिर्ने एउटा ठूलो परिमाणको कर मान्न सकिन्छ ।

नेपालको वन ऐनले सा.व. को शतप्रतिशत आम्दानी सा.व.उ.स. ले पाउने उल्लेख गरेको छ । यस अर्थमा नेपालको सा.व. विश्वमै समुन्नत मानिन्छ । शायद यही कारणले हाम्रो देशका वन छेउ बस्ने नागरिकहरु कटिबद्ध भएर वनको संरक्षण र व्यवस्थापनमा लागेका छन् । तर यदि उनीहरुको सल्लाह बिना जथाभावी अधिकारहरु कटौति गर्दै जाने हो भने वि.सं. २०१३ साल ताकाको अवस्था नआउला भन्न सकिंदैन (जुन बेला नीजिवन राष्ट्रियकरण गर्नाले वन सखाप हुन पुगेको थियो) । यस अर्थमा राम्ररी चली राखेको प्रकृयालाई अनावश्यक बखेडा झिकेर विथोल्नु राम्रो हुँदैन । सा.व. कार्यक्रमको प्रमुख सफलता मध्ये एकमा प्रशस्त मात्रामा वित्तिय स्रोतको परिचालन र सामुदायिक विकास सम्बन्धी क्रियाकलापहरु पर्दछन् । विकेन्द्रीकरणलाई प्रमुख आदर्श र समग्र विकासको रणनीतिको रुपमा अङ्गीकार गरेको वर्तमान राज्य व्यवस्थाले सा.व. को माध्यमबाट भै रहेको सामाजिक आर्थिक विकासको प्रक्रिया र मात्रा हेर्ने हो भने त्यसरी उपयोग भैरहेको रकमलाई बोझिलो सरकारी प्रशासन मार्फत 'उठाउने' र 'पठाउने' (विकास अनुदान मार्फत्) गर्नु जायज देखिंदैन ।

एउटा चुस्त, प्रजातान्त्रिक र भ्रष्टाचार रहित सरकारी संयन्त्र भएको कुरा जनतालाई विश्वास भएको भए र कर सम्बन्धी विषयलाई व्यापक छलफल र सहमतीबाट निरुपण गर्न सरकारले प्रयत्न गरेको भए आज यो विषय त्यति विवादित बन्ने थिएन होला । यो जुन तरीकाले ल्याइयो र जुन मात्रामा कर लगाइने कुरा गरिंदैछ त्यो निश्चय पनि प्रत्युपादक हुने छ । लामो समय वन हुर्काएर काट्ने बेलामा पुगेका सा.व.उ.स. यस्तो निर्णयबाट भड्किने र वन व्यवस्थापनमा बेथिति आउन सक्ने संभावना पनि छ ।

हुनत सा.व.उ.स. हरुमा स्थानीय टाढाबाठाहरुको बोलवाला भएका कारण सा.व. बाट आर्जित आम्दानी गरिब वर्गमा पुग्न सकेको त्यति देखिदैन । यस अर्थमा हेर्दा सा.व. बाट आर्जित सम्पूर्ण रकम स्थानीय रुपमै परिचालित हुने व्यवस्थाले गरिबी निवारणमा भन्दा गरिबी बढाउने सामाजिक संरचनालाई नै बलियो बनाउने अवस्था पनि देखिएको छ । खासगरी स्कूल, सडक, बिजुली, आदि जस्ता सामुदायिक विकासका क्रियाकलापहरु, जुन सा.व.उ.स. कोषबाट सञ्चालित गरिंदैछन्, ले गरिबहरुलाई फाइदा नपुग्ने कुरा हालसालै गरिएका अध्ययनहरुबाट देखिएको छ । यसो हुनुको कारणमा सा.व.उ.स. को संस्थागत विकास र खासगरी समुदाय भित्रका गरिबहरुलाई निर्णय गर्ने तहमा ल्याउन नसक्नु नै प्रमुख रुपमा पाइएको छ । यति हुँदाहुदै पनि सा.व. आम्दानीको समुचित परिचालन गरी गरिबी निवारणमा टेवा पुऱ्याउने अधिकार स्थानीय सा.व.उ.स. हरुलाई नै दिनु पर्छ ।

**निष्कर्ष**

यदि गरिबी निवारणको पक्षमा अग्रगामी निकास खोजी गर्ने हो भने अध्यादेश मार्फत ल्याइएको सा.व. को पैदावार बिक्रीबाट प्राप्त हुने रकमको ४०% सरकारलाई बुझाउनुपर्ने प्रावधानलाई तत्काल खारेज गरी सा.व. बाट के कस्तो अवस्थामा के कति मात्रामा कर लगाउने, र सा.व.उ.स. र सरकारले त्यसलाई कसरी गरिब वर्गका लागि परिचालित गर्ने भन्ने विषयलाई व्यापक बहशमा लैजानु पर्छ र आगामी १ वर्ष जति सो छलफल चलाएपछि वन मन्त्रालय, नागरिक समाज र उपभोक्ताका प्रतिनिधिहरु बसेर करको सिद्धान्त, प्रकृति र मात्रा उपर सहमति बनाउनु पर्छ । प्रमुख सवाल चाहिँ सरकार र समुदायको बीच भागवण्डा भन्दा गरिबमुखी स्रोत सञ्चालन बन्नु पर्छ, जसका लागि सा.व.उ.स. ले एउटा निश्चित प्रतिशत आम्दानी गरिब वर्गको भलाइको लागि अनिवार्य खर्च गर्ने कानुन ल्याउनु आवश्यक देखिन्छ ।

(लेखक फरेष्टएक्सनमा कार्यरत हुनुहुन्छ ।)